पत्र संख्या/Ref. No.:- २०८३/०८४
च.नं./ Dispatch No.:-

## विज्ञप्ति ।

यहि मिति २०८३ भाद्र १० गते विहान ८:४० बजे रसुवाको भोटेकोशी नदीमा आकस्मिक रुपमा आएको भिषण बाढीका कारणले रसुवागढी, टिमुरे, बेत्रावती, त्रिशुली, मैलुङ र स्याफ्रुबेंसी बजार र आसपासका वस्ती सहित रसुवा, नुवाकोट, गोरखा र धादिङ जिल्लाका विभिन्न वस्ती, बजार, सरकारी कार्यालय, विद्यालय, बैंक तथा वित्तिय संस्थाहरु, पुल, सडक र जलविद्युत् लगायतका कैयौ भौतिक संरचना तथा पूर्वाधार समेत ध्वस्त भई भएको जनधनको ठुलो क्षतिको खबरले राप्ती सोनारी गाउँपालिका स्तब्ध भएको छ।

सो प्राकृतिक विपद्का कारणले ज्यान गुमाउनुहुने नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा राप्ती सोनारी गाउँपालिका र सम्पूर्ण पालिकाबासीको तर्फवाट गहिरो समवेदना प्रकट गर्दछौ साथै बाढी पहिरोमा परी घाइते हुनुभएका आमनागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

महाविपत्तिको कठिन घडीमा घाइते तथा अलपत्र परेकाहरुको तत्काल खोज तथा उद्धार र राहत वितरण कार्यलाई तिव्रताका साथ प्रभावकारी बनाउन, विस्थापित हुनुभएका नागरिकहरूको सुरक्षित स्थानान्तरण र घाइतेहरूको सहज र निःशुल्क उपचारका लागि हातेमालो गर्दै सहकार्य र समन्वय मार्फत सरकार भएको अनुभूति गराउनको लागि तिनै तहका सरकार, नागरिक समाज, विकास साझेदार, स्वयंसेवक संस्थाहरु, निजी क्षेत्र, संचार जगत तथा सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौं।

यस राप्ती सोनारी राप्ती सोनारी गाउँपालिका वडा नं.१ खोकरी बस्ने श्याम बहादुर थारु, वडा नं.२ कचनापुर बस्ने जित बहादुर चौधरी, राजपुर बस्ने सुरेश वि.क., सेतुनाथ योगी, योगमाया पुन मगर र जानकी घर्ती कामको सिलसिला रसुवा गएका र बाढी प्रभावित क्षेत्रमा सम्पर्क विहिन भएको खबर प्राप्त भएको छ र उहाँहरुको खोज तथा उद्धारका लागि जिल्ला प्रशासन कार्यालय, बाँके लगायतका सम्बन्धित निकायहरुमा समन्वय र सहकार्य भएको जानकारी गराउदछौं। यस क्रममा श्याम बहादुर थारु नुवाकोट स्थित होल्डिङ सेन्टरमा रहेको भन्ने जानकारी प्राप्त भए तापनि अझै यकिन हुन सकेको छैन। उहाँको वास्तविक अवस्था यकिन गर्न जिल्ला प्रशासन कार्यालय, बाँके लगायत सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय तथा सहकार्य भइरहेको व्यहोरा जानकारी गराउँदछौं। साथै यस गाउँपालिकाको अन्य स्थानका नागरिकहरु बाढी प्रभावित क्षेत्रमा सम्पर्कविहिन र वेपत्ता भएमा खोज उद्धारको लागि तपसिलका नम्बरमा सम्पर्क गरी आवश्यक सहयोग र समन्वय गरी दिनुहुन अनुरोध गर्दछौं।

**तपसिल**

| | | |
|---|---|---|
| १. | तप्त बहादुर पौडेल-अध्यक्ष | ९८५८०२३१२७ |
| २. | मनिषा सिंह थारु-उपाध्यक्ष | ९८६७९५४४७४ |
| ३. | मनिराम खराल -प्र.प्र.अ. | ९८५८०५५५१६ |
| ४. | मिनराज खड्का-प्रवक्ता | ९८५८०३८००० |
| ५. | मोहन बुढाक्षेत्री- विपद सम्पर्क व्यक्ति | ९८६६५५२१०२ |
| ६. | प्रेम थापा- नगरप्रहरी | ९८४४८१६६६ |

**प्रवक्ता**
मिनराज खड्का
राप्ती सोनारी गाउँपालिका, अगैया, बाँके
मिति २०८३/०५/११